नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
भद्रपुर, झापा

☎ 023-452125,452166
Website : daojhapa.moha.gov.np
Email daojhapa@moha.gov.np, dao.jhapa@gmail.com

## बालबालिकालाई राजनीतिक गतिविधिमा प्रयोग नगर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

हाल देशका विभिन्न स्थानहरूमा जुलुस, धर्ना, ऱ्याली तथा प्रदर्शन लगायतका राजनीतिक गतिविधिहरूमा बालबालिकाहरूको प्रयोग भइरहेको भनी विभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जालबाट प्राप्त सूचनाको सम्बन्धमा यस कार्यालयको ध्यानाकर्षण भएको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (२) को खण्ड (छ) बमोजिम बालबालिकालाई राजनीतिक प्रयोजनका लागि संगठित गर्ने वा हड्ताल, बन्द, चक्काजाम, धर्ना वा जुलुसमा प्रयोग गर्नुलाई बालबालिका विरुद्धको कसूर मानिने स्पष्ट कानूनी व्यवस्था रहेको छ। यस्ता गतिविधिहरूले बालबालिकाको नैसर्गिक अधिकारमा हनन पुऱ्याउनुका साथै उनीहरूको भौतिक सुरक्षा र मानसिक स्वास्थ्यमा समेत गम्भीर जोखिम सृजना गर्ने देखिन्छ । अतः कानूनको कार्यान्वयन र बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्नका लागि यस जिल्लाका सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, गैरसरकारी संघ-संस्था तथा अभिभावकहरूमा देहाय बमोजिम गर्न/गराउन अनुरोध गरिन्छ ।

**देहाय**

१. कुनै पनि बहानामा बालबालिकाहरूलाई राजनीतिक ऱ्याली, जुलुस, धर्ना वा सडक प्रदर्शन जस्ता गतिविधिमा सहभागी नगराउन/नगर्न अनुरोध गरिन्छ ।

२. प्रचलित कानूनको उल्लंघन गरी बालबालिकालाई यस्ता जोखिमपूर्ण गतिविधिमा संलग्न गराएको पाइएमा बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम कानूनी कारवाही हुनेछ ।

३. बालबालिकाको अधिकार संरक्षणका लागि सम्बन्धित सबै व्यक्ति/संस्था/ निकायहरूलाई उच्च सतर्कता अपनाउन अनुरोध गरिन्छ ।

४. बालबालिकाको दुरुपयोग भइरहेको देखिएमा वा जानकारी भएमा तुरुन्त नजिकको प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा जानकारी गराई नागरिक दायित्व निर्वाह गर्नुहुन सम्बन्धित सवैमा अनुरोध गरिन्छ ।

बालबालिका शान्तिका क्षेत्र हुन् । उनीहरूको सुरक्षा र अधिकारको सम्मान गर्नु हामी सबैको साझा जिम्मेवारी हो ।

२०८३ बैशाख २५

२०८३-१-२५
सहायक प्रमुख जिल्ला अधिकारी